आज मिति २०८१।०१।२० गते श्री जनता आधारभूत विद्यालय सेरावाङ, भूमे –५ मा भएका समस्या र गुनासाहरुको सम्बन्धमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री चन्द्र कुमारी वुढा र प्रधानाध्यापक श्री तिलक प्रसाद आचार्यसँग शिक्षा विकास तथा समन्वय इकाइ रुकुम पूर्वमा छलफल गरी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो :-

<u>उपस्थिति</u>

१. श्री तिलक गौतम – इकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ रुकुम पूर्व
२. श्री अनिल कुमार थारु – प्रा.स., शिक्षा विकास तथा समन्वय इकाइ रुकुम पूर्व
३. श्री चन्द्र कुमारी वुढा – अध्यक्ष, वि.व्य.स., जनता आधारभूत विद्यालय सेरावाङ, भूमे – ५
४. श्री तिलक प्रसाद आचार्य – प्र.अ., जनता आधारभूत विद्यालय सेरावाङ, भूमे – ५

निर्णय :

१. भूमे ५ सेरावाङ निवासी रत्न बहादुर बुढाले मिति २०८१/०१/१८ गते यस इकाइमा दिएको निवेदन अनुसार सेरावाङ निवासी मङ्गले वि.क. को छोरा वर्ष १३ को प्रदिप वि.क. ले विद्यालयको छानामा ढुङ्गाले हानेको विषयमा निजलाई वि.व्य.स. बैठकमा झिकाई अव उप्रान्त यस प्रकारका कामकाज नगर्न सम्झाइ बुझाइ गर्ने ।

२. विद्यालयको घेराबार र सरसफाइ सम्बन्धी प्राप्त गुनासाका सम्बन्धमा तत्काल वि.व्य.स. को बैठक बसी घेराबार संरक्षण र सरसफाइका विषयमा आवश्यक निर्णय गर्ने र विद्यालयलाई सुरक्षित एवम् सफा सुग्घर राख्न हरदम प्रयत्न गर्ने ।

३. विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि पठनपाठनलाई चुस्त राख्ने । शिक्षक– विद्यार्थी नियमितता, सक्रियता र अभिभावक परिचालनका लागि वि.व्य.स. ले विशेष ध्यान दिने ।

४. विद्यालय व्यवस्थापन समितिबाट गरेका निर्णय सम्बन्धमा अविलम्ब शिक्षा विकास तथा समन्वय इकाइ रुकुम पूर्वमा लिखित जानकारी गराउने ।

माइन्युट प्रमाणित

तिलक गौतम
इकाई प्रमुख

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाई
रुकुम (पूर्व)